स्थानीय सरकार

# पाँचपोखरी थाङपाल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

थाङपालधाप, सिन्धुपाल्चोक

# निष्कृय रहेका सहकारी संस्थाहरुलाई विवरण पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

**(दोश्रो पटक प्रकाशन मितिः २०८३/०१/२३)**

प्रस्तुत विषयमा सहकारी ऐन २०७४ अनुसार सहकारी संस्थाहरुले आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्रमा संस्थाको वार्षिक लेखा परीक्षण सम्पन्न गर्नुपर्ने र पौष मसान्तभित्रमा संस्थाको वार्षिक साधारण सभा सम्पन्न गरी सो को प्रतिवेदन नियामक निकाय समक्ष पेश गर्नुपर्ने कानूनी प्रावधान रहेको छ । यस गाउँपालिकाको नियमन क्षेत्रभित्र रहेका सहकारी संस्थाहरुलाई निर्धारित समयमा संस्थाको वार्षिक लेखा परीक्षण तथा साधारण सभा सम्पन्न गरी तोकिएको समयमा विवरण पेश गर्न पटक पटक सार्वजनिक सूचना मार्फत जानकारी गराइएकोमा हालसम्म पनि तपशिलमा उल्लेखित सहकारी संस्थाहरुले गाउँपालिकाको अनुरोधलाई बेवास्ता गरी कुनै पनि विवरण पेश नगरेको र कतिपय सहकारी संस्था अनुगमनको क्रममा समेत सम्पर्कमा नआएको हुँदा यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्रमा गाउँपालिकाको सहकारी शाखामा विवरण पेश गर्नुहुन २०८३/०१/१७ गतेको सामाजिक विकास समितिको निर्णय अनुसार सबै सरोकारवाला सहकारी संस्था तथा व्यक्तिहरुका लागि यसै सूचना मार्फत जानकारी गराइन्छ ।

गाउँपालिकामा लामो समयदेखि विवरण पेश नगरेका सहकारी संस्थाहरुले गाउँपालिकाको स्वीकृति बिना सदस्यहरुसँग कारोबार नगर्नु/नगराउनु हुन र कुनै पनि व्यक्तिले उल्लेखित सहकारी संस्थाको सदस्य भई कारोबार गरेको भएमा वा सहकारीबाट लिनुपर्ने हिसाब भएमा सहकारीसँग गरेको कारोबारको प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्रमा गाउँपालिकामा जानकारी गराउनुहुन अनुरोध छ । उल्लेखित मितिमा विवरण पेश नगर्ने सहकारी संस्था र सदस्यको दायित्व फिर्ता गर्न बाँकी रहेका सहकारी संस्था र संस्थाका सञ्चालकहरुलाई नियमानुसार कारबाही हुने समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**तपशिलः**

| क्र.सं. | सहकारीको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | बासखर्क जैविक प्राङ्गारिक कृषि सहकारी संस्था लिमिटेड | वडा नं. १, बासखर्क | |
| २ | हजुरको साना किसान कृषि सहकारी संस्था लिमिटेड | वडा नं. १, बासखर्क | |
| ३ | श्री बछलादेवि सहकारी संस्था लिमिटेड | वडा नं. २, बरुवा | |
| ४ | बरुवा साफ महिला कृषि सहकारी संस्था लिमिटेड | वडा नं. २, बरुवा | |
| ५ | ग्युङगार खोला साना जलविद्युत कृषि सहकारी संस्था लिमिटेड | वडा नं. ३, भोताङ | |
| ६ | भोताङ बचत तथा ऋण सहकारी संस्था लिमिटेड | वडा नं. ३, भोताङ | |
| ७ | महिला प्रगति बचत तथा ऋण सहकारी संस्था लिमिटेड | वडा नं. ४, थाङपालकोट | |
| ८ | रैथानेश्वरी महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड | वडा नं. ४, थाङपालकोट | |
| ९ | जनहित बचत तथा ऋण सहकारी संस्था लिमिटेड | वडा नं. ४, थाङपालकोट | |
| १० | थाङपाल गुन्सा उपभोक्ता सहकारी संस्था लिमिटेड | वडा नं. ५, गुन्सा | |
| ११ | संछोयलिङ जडिबुटी कृषि सहकारी संस्था लिमिटेड | वडा नं. ५, गुन्सा | |
| १२ | हाडिखोला प्रथम लघु जलविद्युत सहकारी संस्था लिमिटेड | वडा नं. ६, थाङपालधाप | |
| १३ | श्री दक्षिणकाली बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | वडा नं. ६, थाङपालधाप | |
| १४ | एकता महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड | वडा नं. ६, थाङपालधाप | |
| १५ | उत्पीडित उत्थान महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड | वडा नं. ७, भोटेनाम्लाङ | |
| १६ | नाम्लाङ बचत तथा ऋण सहकारी संस्था लिमिटेड | वडा नं. ७, तिपेनी | |
| १७ | देविस्थान कृषि सहकारी संस्था लिमिटेड | वडा नं. ७, भोटेनाम्लाङ | |
| १८ | क्षेत्रपालेश्वरी उपभोक्ता सहकारी संस्था लिमिटेड | वडा नं. ७, भोटेनाम्लाङ | |

**लक्ष्मण कुईकेल**
**प्रमुख प्रशासकीय अधिकृत**

CS CamScanner